रेडियो नेपालको अर्द्धवार्षिक प्रकाशन झंकार चैत २०६३ को अंकमा प्रकाशित लेख ।

# रेडियो नाटकको नयाँ आयाम

विनयकुमार कसजू

रेडियो नाटकको महत्व, उपयोगिता र प्रभावकारितालाई बुझ्न् बेलाबेलामा न्युयोर्क शहरमा भएको एउटा घटनालाई बेलाबेलामा उद्धृत गर्ने गरिन्छ जुन यसप्रकार छ :

सन् १९३८ अक्टोवर ३१ को न्युयोर्क टाइम्समा प्रकाशित समाचार :

**रेडियो नाटकलाई वास्तविक ठानेर श्रोताहरु आतंकित**

**'मंगल ग्रहको ग्यास आक्रमण' बाट जोगिन धेरै जना घरबाट पलायन**

**वेल्सको काल्पनिक नाटकको प्रसारणबारे प्रहरी कार्यालयमा टेलिफोनको ओइरो**


The New York Times.
NEW YORK, MONDAY, OCTOBER 31, 1938.
MEAD STANDS PAT AS A NEW DEALER IN BID FOR SENATE
Democratic Candidate Opposes Any Except Minor Changes in Labor and Security Laws
Radio Listeners in Panic, Taking War Drama as Fact
Many Flee Homes to Escape 'Gas Raid From Mars'—Phone Calls Swamp Police at Broadcast of Wells Fantasy
OUSTED JEWS FIND REFUGE IN POLAND AFTER BORDER STAY
Exiles Go to Relatives' Homes or to Camps Maintained by Distribution Committee

एच.जी.वेल्सको काल्पनिक कथा 'ग्रहहरुको युद्ध' मा आधारित नाटक सुनिरहेका श्रोताहरुले नाटकमा भनेझैँ ग्रहहरुबीचको युद्ध सुरु भएर मंगलग्रहका बासीहरु न्युजर्सी र न्युयोर्क शहरहरुमा फैलिएर मृत्यु र विनाश मच्चाइरहेछन् भन्ने कुरा रेडियोका श्रोताहरुले यति धेरै पत्याए कि गएको राती सवा आठ र साढे नौ बजेको बीचमा हजारौँ रेडियो श्रोतामा जनउन्माद (Mass Hysteria) को लहर फैलियो ।

न्युयोर्कका कतिपय वासिन्दाहरु डरले घर छाडेर पार्कमा गए । हजारौँ मानिसले प्रहरीलाई, अखबार र रेडियो स्टेसनमा फोन गरे । उनीहरुले अमेरिका र क्यानाडाका अरु सहरका बासिन्दालाई पनि फोन गरेर सल्लाह मागे । धेरै जनाको घरको कामकाज रोकियो । फोनको चापले गर्दा संचार प्रणाली नै रोकियो ।

उक्त रेडियो नाटक डब्लुएबीसी र कोलम्बिया ब्रोडकास्टिङ सिस्टमले प्रसारण गरेका थिए । श्रोताहरुले रेडियो कार्यक्रमको प्रसारणको बीचमा प्रसार गरिएको नाटकको परिचय सुन्न नभ्याएर र कतिपय श्रोताले अखबारमा रेडियो नाटक प्रसारण हुने समयमा ध्यान नदिनाले पनि यो भ्रम उत्पन्न भएको थियो ।

स्रोत : http://members.aol.com/jeff1070/wotw.html

केही वर्षअघि भारतमा पनि यस्तै भएको थियो । अल इन्डिया रेडियोले राती प्रसारण गरेको भूतले तर्साएको घरसम्बन्धी रेडियो नाटकको साउन्ड इफेक्ट यति प्रभावकारी थियो कि श्रोताहरुले रेडियोकर्मीहरु साँच्चै भूतले तर्साएको घरमा फँसेको ठाने ।

नाटक श्रव्य र दृश्य संचार हो भने रेडियो नाटक रेडियोबाट प्रसारण हुने श्रव्य माध्यम हो । रेडियो नटकमा दृश्य हुँदैन केवल ध्वनि र शब्द हुन्छ । व्यस्त सडक वा सार्वजनिक स्थलको छेउमा बसेर आँखा चिम्लँदा कानले सुनेको आधारमा घटना र परिवेश बुझेझैँ रेडियो नाटकले संवाद र ध्वनिको आधारमा संचार गर्छ । यसैले रेडियो नाटकमा संवाद, संगीत र ध्वनि प्रभाव (Sound Effect) को महत्व हुन्छ । श्रोताहरुले शब्द र ध्वनिको आधारमा कथा र कथनलाई बुझ्छन् र अर्थ्याउँछन् । वास्तवमा रेडियो नाटकको मौलिकता र शक्ति पनि यही, अर्थात् शब्द र ध्वनि नै हो । यसैले भनिन्छ वास्तविक मंचमा हजार वटा फुलको अम्लेट बनाउन सकिन्न तर रेडियोमा सकिन्छ । नेपाली रेडियो नाटकका सुपरिचित व्यक्तित्व कुवेर गर्तौलाको भाषामा "ध्वनि र आवाजबाट विषयवस्तु प्रष्ट पार्ने श्रव्य प्रधान नाटक नै रेडियो नाटक हो ।" अर्का सुपरिचित रेडियो नाटककार श्यामदास वैष्णव भन्नुहुन्छ, "रेडियो नाटक आँखा नदेख्नेहरुको संसार हो । ध्वनि र आवाजद्वारा साकार पार्नुपर्छ । यसको मूल चुरो भावनाको उद्दीपन हो । सद्भावनापूर्ण वातावरण स्थापना गर्नुमा नै

नाटकको अर्थ निहीत रहन्छ ।" (संकेत कोइराला, 'रेडियो नाटक जिउँदैछ ?', ***रेडियो नेपालको सामाजिक इतिहास*** (पुस्तक), प्रकाशक मार्टिन चौतारी २०६१, पृष्ठ २३३ र पृष्ठ २३१) ।

विश्वमा रेडियो नाटकको थालनी सन् १९२० पछि भएको हो । यसले चाँडै नै लोकप्रियता हासिल गर्‍यो । बीस वर्षभित्र यो संसारमै सबैभन्दा लोकप्रिय मनोरंजनको सामग्री बन्यो । माथि उल्लेख गरिएको 'ग्रहहरुबीच युद्ध' सबैभन्दा लोकप्रिय र सुपरिचित रेडियो नाटक थियो । तर, सन् १९५० को दशकमा टेलिभिजनको आगमनसँगै यसको लोकप्रियता केही घट्यो । अमेरिकालगायत केही देशमा यो फेरि पहिलेजस्तै गरि लोकप्रिय हुन सकेको छैन भने बेलायतमा लगायत केही देशमा रेडियो नाटक जीवन्त विधाको रुपमा फस्टाइरहेको छ । बेलायतको अन्तर्राष्ट्रिय रेडियो प्रसारण बीबीसीमा रेडियो नाटकका दुइटा श्रृंखला नियमित रुपमा चलिरहेका छन् । साथै त्यसले हरेक हप्ता नयाँनयाँ एकांकी नाटक प्रसारण गर्छ । बेलाबेलामा रेडियो नाटकको प्रतियोगिता पनि आयोजना गर्छ ।

रेडियो नाटकबाट नै सोप ओपेराको जन्म भएको हो । सोप ओपेरा भनेको लगातार वा श्रृंखलावद्ध रुपमा रेडियो वा टेलिभिजनबाट प्रसारण हुने कथा वा नाटक हो । चलनचल्तीमा यसलाई सोप मात्रै पनि भनिन्छ । साबुन उत्पादक कम्पनीहरुले रेडियोमा नाटक श्रृंखला प्रायोजन गरी प्रसारण गरिएको हुनाले यसको नाम सोप भएको हो ।

नेपालमा रेडियो नाटकको परम्परा झण्डै रेडियोको थालनीसँगै भएको हो । नाटक भनेर विधागत नाम नदिए तापनि संवादको रुपमा नाटकको प्रसारण रेडियो नेपालको औपचारिक स्थापनाभन्दा अघि विजुली अड्डाबाट हुने गरेको प्रसारणमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको संचालनमा साहित्यिकारहरुले प्रसारण गरेको कार्यक्रममा प्रसारित भएको थियो भन्ने भनाइ रेयिोनाटककार कुवेर गर्तौलाको भनाइ छ । उहाँ भन्नु हुन्छ, "२०२२-२०२३ सालदेखि रेडियो नेपालबाट रेडियो नाटकको नियमित प्रसारण सुरु भयो । त्यसपछि अरु मन्त्रालयहरुले पनि आफ्नो कार्यक्रमबाट फाटफुट रेडियो नाटक प्रसार गर्न थाले ।" ('सामाजिक परिवर्तनका लागि रेडियो नाटक' विषयमा विचार विमर्शमा प्रस्तुत विचार, २०६३ फागुन ८) ।

"२० चैत २००७ मा रेडियो नेपालको स्थापना भएको हो । त्यसको एक वर्षपछि रेडियो नाटकको प्रारम्भ भयो । २००८-२०१४ सालको बीचमा रेडियो नाटकले स्थायित्व पाउन सकेन । यस अवधिमा समय र परिस्थितिको मापनमा नाटक बजाइने गरिन्थ्यो । त्यसपछि भने अनवरत रुपमा नाटकले आफ्नो पकड जमाउँदै आएको छ । रेडियो संस्थापक, निर्देशक तारिणीप्रसाद कोइराला, बालकृष्ण सम, जनार्दन सम, श्यामदास वैष्णव, हरिप्रसाद रिमाल, कोइली देवीहरुले रेडियो नाटकको सूत्रपात गरेका थिए । ...... जनार्दन समद्वारा लिखित 'धमिरा' नाटक नै रेडियोबाट प्रसारित पहिलो नाटक मानिन्छ । सस्तो र थोरै पैसाको लगानीमा निर्माण हुने भएको विशेषताका कारण रेडियो नाटक मनोरंजनको साधनका रुपमा विकसित हुँदै गयो । बेलायतमा अहिले पनि 'हेम्लेट ड्रामा' विगत ३२ वर्षदेखि र अमेरिकाका प्रसिद्ध नाटककार मेजर ओनिलको नाटक २० वर्षदेखि निरन्तर प्रसारण हुँदै आइरहेका छन् ।" (संकेत कोइराला, 'रेडियो नाटक जिउँदैछ ?', ***रेडियो नेपालको सामाजिक इतिहास*** (पुस्तक), सम्पादक प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, प्रकाशक मार्टिन चौतारी २०६१, पृष्ठ २३२) ।

झण्डै चालिस वर्षअधि जुन बेला नेपालमा टेलिभिजन थिएन, अखबारहरु केही शहरी क्षेत्रमा सीमित थिए त्यस बेला सूचना, शिक्षा र मनोरंजनको साधनको सबैभन्दा व्यापक र प्रभावकारी साधन रेडियो थियो । समाजभित्र हुने परम्परागत सांस्कृतिक र धार्मिक कार्यक्रमबाहेक अन्य मनोरंजनका कार्यक्रम नभएको अवस्थामा रेडियोबाट प्रसारित गीत संगीत र नाटक नेपालका ग्रामीण र शहरी क्षेत्रमा पनि निक्कै लोकप्रिय हुनु स्वाभाविक थियो । टेलिभिजन आउनु भन्दा पहिले नेपालीहरुले रेडियोको प्रयोग कसरी गर्थे र रेडियो नाटक कति लोकप्रिय थियो भन्ने कुरा विभिन्न पुस्तक पत्रिकामा छरिएका छन् ।

टेलिभिजन पत्रकार दीपा गौतम लेख्नुहुन्छ, "रेडियो नाटक आउने शनिवारको दिन दिदीहरुको चुरिफुरी बेग्लै हुन्थ्यो । वरपरका दिदीका साथीहरु घरको गाँस टिप्नासाथ हामीकहाँ आइसक्थे । गएको हप्ताको नाटकको चर्चा र आज आउने नाटकप्रतिको तिनको उत्सुकता र कौतूहलले सबैको कान पाक्थ्यो । ...... विहानै बुवाबाट आमाले रेडियो फुत्काइवरी दिउँसोको खाजाको बन्दोबस्त समेत गरिसक्नुभएको हुन्थ्यो । 'पिन ड्रप

साइलेन्स' मा दिदीहरु नाटक सुन्थे । पलंगको बीचमा रेडियो राखी चारैतिरबाट घोप्टिई त्यसलाई घेरेर एकअर्कासँग कुम जोड्दै यदाकदा ती रुन्थे, सुँक्कसुँक्क गर्थे । .... आमा स्थिति सामान्य पानृका लागि भन्नुहुन्थ्यो, "लौ कस्ता रुञ्चीहरु रहेछन् यिनीहरु त । यो त नाटक पो त । साँच्चैको भन्ठानेऊ कि क्या हो तिमीहरुले ?" तर आमाको धोतीको सप्को पनि नभिजेको हुन्थेन । ....." ('रेडियोसँग हुर्कँदा तीनपुस्ते नेपालीको अनुभव' संपादक शेखर पराजुली र प्रत्यूष वन्त, प्रकाशक मार्टिन चौतारी, २०६२, पृष्ठ २५८, २५९)

रेडियो नाटकबारे यो लेखका लेखकको किशोरावस्थाको अनुभव पनि अविस्मरणीय छ : "शनिवारको दिन दिउँसो रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटक निक्कै लोकप्रिय कार्यक्रम थियो । प्रेम र विछोडका यस्ता नाटकहरु सुन्न विशेष गरी युवकहरु उत्सुक हुन्थे । छुट्टी अर्थात् शनिवारको दिन रिडी खोलामा नुहाउने र लुगा धुने विद्यार्थी र शिक्षक र अरुको पनि नियमित कार्यजस्तै हुन्थ्यो । रेडियो नाटक सुनेपछि मात्रै नुहाउन जाने वा चाँडैचाँडै नुहाएर रेडियो सुन्न फर्कने भन्ने सल्लाह हुन्थ्यो । कसैकसैले ट्रान्जिस्टर रेडियो साथमा लैजान्थे र खोला किनारमै नुहाउँदै वा लुगा धुँदै नाटक सुन्थे । यो एक खालको सान देखाउने काम पनि थियो ।" ('रेडियोसँग हुर्कँदा तीनपुस्ते नेपालीको अनुभव' संपादक शेखर पराजुली र प्रत्यूष वन्त, प्रकाशक मार्टिन चौतारी, २०६२, पृष्ठ १४०, १४१)

**रेडियो नाटकको पुनरुत्थान**

टेलिभिजनको विकास र विस्तारपछि विश्वका अन्य मुलुमा झैं नेपालमा पनि रेडियो नाटकप्रति रुचि घट्दै गयो । तैपनि, नेपालका टेलिभिजन नपुगेका क्षेत्र र आर्थिक अवस्थाले नभ्याउने वर्गका लागि रेडियो नाटक मनोरंजनको आकर्षक साधनको रुपमा रहिरह्यो । कतिपय स्थान र समुदायबीच रेडियो नाटकको लोकप्रियता अहिले पनि कायमै छ ।

टेलिभिजनको विकासपछि ओझेलमा पर्न थालेको रेडियोको पुनरुत्थान अधिकांश मुलकुमा भइरहेको छ । रेडियो सरकारको नियन्त्रणबाट जनताको हातमा जाँदैछ । रेडियोको बहुआयामिक उपयोग बढिरहेको छ । कतिपय रेडियोले कथा वाचन, पुस्तक वाचन, कथानक चलचित्रको श्रव्य प्रसारण तथा लोकप्रिय टेलिभिजन सिरियलको पनि श्रव्य प्रसारण गर्न थालेका छन् । नेपालमा पनि यो क्रम सुरु हुँदैछ । फलस्वरुप रेडियो नाटकको पनि पुनः उत्थान हुँदैछ । यसको पछाडि प्रमुख तीन कारण देखिन्छन् ।

१) रेडियोको आफ्नै विशेषता र श्रोताहरुको क्षमता र सुन्ने परम्पराले रेडियोको लोकप्रियता बढिरहेको छ । विकसित देशमा पनि रेडियोबिनाको कार नहुने भइसक्यो । रेडियो विस्तारै अन्तक्रियात्मक तथा दोहोरो संचार माध्यमको रुपमा विकास हुँदैछ । काम गर्दागर्दै वा गोजीमा राखेर हिंडदै पनि सुन्न सकिने, कार्यक्रम उत्पादन र प्राप्त गर्न पनि सस्तो आदि कारणले रेडियोको लोकप्रियता र उपयोगिता विश्वभरि नै बढ्दै गएको छ ।

२) नेपालमा बहुसंख्यक असाक्षर र अशिक्षित जनतालाई शिक्षित र सूचित गर्ने सबैभन्दा प्रभावकारी माध्यमको रुपमा रेडियोलाई मानेर यसलाई सरकारी नियन्त्रणबाट मुक्त गरी जनताको हातमा राख्ने उदार नीतिले गर्दा अहिले नेपालमा एफएम रेडियोहरुको संख्या निक्कै बढेको छ । स्टेसनको संख्या बढेपछि प्रतिस्पर्धा हुनु र गुणस्तरीय कार्यक्रमको माग बढ्नु स्वाभाविक हो । यही मागको पूर्ति स्वरुप रेडियो नाटकको विकास हुनु स्वाभाविक छ ।

३) अन्य विकासशील देशहरुमा जस्तै नेपालमा पनि वातावरण, मानवअधिकार संरक्षण, स्वास्थ्य, राजनीतिक तथा विभिन्न चेतनामूलक र जनवकालत, अभियानका लागि विकास तथा सामाजिक परिवर्तन जस्ता नयाँ सन्दर्भमा शिक्षा र चेतनामूलक रेडियो नाटकको उपयोग भइरहेको छ । विकास र अधिकारको चेतना फैलाउनका लागि रेडियोको पुनःजागरण भइरहेकोछ । रेडियो नाटकमार्फत श्रोताहरुलाई मनोरंजन र शिक्षा सँगसँगै दिने अभ्यास विकासशील देशहरुमा भइरहेको छ । बीबीसी नेपाली कार्यक्रमले स्वास्थ्य र अन्य विषयमा आधारित रेडियो नाटक प्रसारण गरिसकोको छ । समाज परिवर्तनका लागि, शिक्षा र चेतना फैलाउनका लागि, नयाँनयाँ सीप र प्रविधि शिकाउन र विकास र राजनीतिक चेतना बढाउनका लागि रेडियो नाटकको प्रयोग एडुटेन्मेन्ट, इन्फोटेन्मेन्ट वा इन्टर-एजुकेसनको रुपमा झण्डै तीन दशकदेखि व्यापक रुपमा

भइरहेको छ । इन्टर-एजुकेसनको रुपमा टेलिभिजन नाटकभन्दा रेडियो नाटक बढी प्रभावकारी देखिएको छ । यो क्रम बढदै जाने छ । यसै मेसोमा रेडियो नाटकको पनि पुनः उत्थान हुँदैछ ।

सूचना तथा संचार प्रविधिको विकासले रेडियो नाटकको पुनरुत्थानलाई सघाउँदैछ । प्राविधिक ज्ञान नभए पनि सिर्जनशील प्रतिभा भएको कुनै पनि व्यक्तिले कम्प्युटरमार्फत सजिलैसँग रेडियो नाटक, आधुनिक भाषामा श्रव्य नाटक (Audio Theater) बनाएर इमेल र इन्टरनेटमार्फत श्रव्य फाइल प्रसार गर्न सक्छ । इन्टरनेट र रेडियो मार्फत प्रसारित श्रव्य नाटक पोडकास्टिङ प्रविधिद्वारा डाउलोड, स्टोर, श्रवण र पुनः प्रसार वा प्रेषण गर्न सकिन्छ । यसको लागि जटिल प्रविधि र ठूलो खर्चको आवश्यकता हुँदैन । फलस्वरुप विभिन्न देशमा सानासाना, स्थानीय स्तरमा श्रव्य नाटक निर्माण गर्ने समूहहरु बन्दैछन् । अमेरिकाजस्तो विकसित देशमा त्यस्ता स्थानीय नाटक समूहहरु लोकप्रिय हुँदैछ । ड्रामापोड वेबसाइट (www.dramapod.com) बाट नयाँ र पुराना नाटकहरु निःशुल्क प्राप्त गर्नसकिन्छ । पोडकास्टिङ प्रविधिबाट श्रव्य फाइलहरु कम्प्युटर, आइपोड तथा विभिन्न प्रकारका मिडिया प्लेयर उपकरणहरुमा डाउनलोड गरेर सुन्न सकिन्छ । बीबीसी लगायत विभिन्न संस्थाले नाटक र अन्य श्रव्य कार्यक्रमहरु नाम लेखाएका वा शुल्क तिरेका ग्राहकलाई पठाउने व्यवस्था गरेको छ । यसले श्रव्य नाटकमा नयाँ जीवन थप्दैछ । यस बाहेक सोझै सीडीमा रेकर्ड गरिएका श्रव्य नाटकको विक्री वितरण पनि सस्तो र सरल रुपमा भइरहको छ । यस लेखका लेखकका २०६२ कार्तिकमा निर्मित बालकथाहरुको साउण्ड इफेक्ट सहितको श्रव्य नाटकीय प्रस्तुति 'भालुको बगैंचा', तीस कथाहरुको संग्रह नेपालको पहिलो श्रव्य कथा संग्रह हो ।

नयाँ सूचना तथा संचार प्रविधिले एकातिर नेपाली रेडियो नाटकप्रेमी र नाटकको माध्यमबाट मनोरंजन र शिक्षा प्रसार गर्न चाहने सबैका लागि सस्तो, सजिलो र भरपर्दो उत्पादन, वितरण/प्रसारण र श्रवणको साधन उपलब्ध गराएको छ भने अर्कोतिर निरन्तर बढिरहेको एफएम रेडियो स्टेसनहरुको संख्याले रेडियो नाटकलगायतका श्रव्य मनोरंजनात्मक कार्यक्रमको माग पनि बढाएको छ । रेडियो नाटक लेखक, कलाकार र सन्देश प्रसारकहरुका लागि यो नयाँ अवसर हो । यसलाई सदुपयोग गर्नसक्यो भने निश्चय नै नेपाली श्रव्य नाटकको क्षेत्र, गुणस्तर, भूमिका र प्रभाव बढने छ भन्ने कुरामा शंका छैन ।

साँचल, सानेपा, ललितपुर

२०६३ फागुन १२ गते ।